# दुई शब्द

लोकतान्त्रिक मुलुकमा संविधान निर्माण गर्ने शक्ति (Constituent Power) जनतामा निहित रहन्छ । जनता नै देशको सार्वभौमसत्ता र राजकीयसत्ताको स्रोत (Source of Sovereignty and the State Authority) हुन्छन् । जनताको जनादेशबेगर उनीहरूका प्रतिनिधिले संविधान निर्माण गरे संविधानमाथिको जालभेल (Fraud on the Constitution) मानिने हुन्छ । यी र यस्तै सिद्धान्त, संविधानवाद, शक्तिपृथकीकरण र सन्तुलन एवं नियन्त्रण, मौलिक हक, राज्यसत्ता, जनताको अधिकार र कर्तव्य, देशको शासन पद्धति, प्रतिस्पर्धात्मक बहुदलीय शासन पद्धति, बालिग मताधिकार, आवधिक निर्वाचन, विधिको शासन, स्वतन्त्र न्यायपालिका, सार्वजनिक हक र सरोकारसमेतका बारेमा नेपाली सार्वभौमसत्ता सम्पन्न जनतालाई केही सुसूचित गराउन सकिन्छ कि भन्ने इच्छा शक्ति रहेको छ । यसले खासगरी संविधानसभाका सदस्य, न्यायाधीश, वकिल, राजनीतिज्ञ र कानूनका विद्यार्थी, कर्मचारी, नागरिक समाज र यस विषयमा इच्छुक पाठकवर्गलाई केही खुराक हुनेछ भन्ने आशा लिएको छु । संविधान र न्यायका मान्य सिद्धान्तका बारे आंशिक जानकारीमात्र दिन सकेको आभास भयो भने पनि लेखकको कलमको मसी सुक्ने छैन भन्ने अभिलाषा एवम् दृढ प्रतिज्ञा गरेको छु । पुस्तकाकारको रूपमा लेखन कार्य गर्न उत्प्रेरणा जगाइदिनु हुने पैरवी प्रकाशनका प्रबन्ध निर्देशक पदम सिवाकोटीलाई हार्दिक धन्यवादसहित आभार प्रकट गर्न चाहन्छु । त्यस्तै पुस्तक लेखनदेखि प्रकाशनसम्म प्रत्यक्ष एवम् अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने बुबा खुमानन्द ज्ञवाली, दाइ वामदेव ज्ञवाली, टेकराज ज्ञवाली, बहिनी कमला ज्ञवाली (अर्याल), भाइ बन्धु विक्रम ज्ञवाली, महान्यायाधिवक्ता कार्यालयका शाखा अधिकृत श्री हरिप्रसाद ज्ञवाली, श्रीमती विजया गौतम, छोरीहरू आकृति ज्ञवाली र अनुकृति ज्ञवाली तथा भतिजी निता ज्ञवाली, अनिता ज्ञवाली, भान्जा अर्जुन अर्याल, भान्जी विन्दु अर्याल, मित्र प्रकाश ए. राज, अधिवक्ता परशुराम उपाध्याय, अधिवक्ता ओमप्रकाश अर्याल, अधिवक्ता विमल ज्ञवाली र अधिवक्ता शिवराम तिमिल्सिनालाई समेत धन्यवाद तथा कृतज्ञता अर्पण गर्दछु । साथै कम्प्युटर लेआउट गर्नु हुने घनेन्द्र के.सी. समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

भाद्र, २०६८ **लेखक**